# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं ज्येष्ठ ११ गते २०१६ साल

श्री ५ को सरकार

## अर्थ मन्त्रालय (ट्यारिफ बोर्ड) को सूचना

श्री ५ को सरकारका २०१५।१०।२७ का निर्णय गठन गरिएको ट्यारिफ बोर्डको बैठक २०१६ साल बैशाख १५ गते मंगलवार देखि सिहदरवारमा आरम्भ भएको छ। बोर्डको बैठक बोर्डको काम छउञ्जेल प्रति दिन दिउसो २ बजे देखि बस्नेछ। बोर्डले आफ्नो कार्य सूची (एजेन्डा) मा निकासी पैठारी पैठारी महसूलको दरबन्दीको अतिरिक्त ट्यारिफ अर्थात् भन्सार महसूल सम्बन्धी निती, नेपाल—भारत—व्यापार नेपाल तिब्बत (चीन) व्यापार, नेपालको अन्तर्राष्ट्रिय व्यापार, भन्सार कार्य प्रणाली, स्टेट ट्रेनिङ्ग स्वदेशी उद्योगहरूलाई संरक्षण तथा स्वदेशी उत्पादनमा अन्तःशुल्क, भन्सार सहुलीयत इत्यादी विषयहरू पनि समावेश गरेकोछ।

ट्यारिफ बोर्डको गठन एवं कार्यक्रम बारे तथा ट्यारिफ बोर्डलाई सुझा-वहरू पठाउने बारे श्री ५ को सरकारको अर्थ मन्त्रालयले अघिपनि सूचनाहरू प्रकाश गरेकोहो। कतिपय सुझावहरू पनि ट्यारिफ बोर्डमा प्राप्त भएकाछन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर अहिलेसम्म प्राप्त सुझावहरूको संख्या धेरै कमछ र ती बहुधा भन्सारका कर्मचारीहरूबाट प्राप्त भएकाछन्। टयारिफ बोड अहिलेसम्म सुझावहरू पठाउने सज्जनहरूप्रति धन्यवाद प्रकट गर्दछ र साथै अझै बढी मात्रामा सुझावहरू पठाउन सरकारी तथा गैर सरकारी संस्था तथा व्यक्तिहरू संग अनुरोध गर्दछ। देशका विभिन्न भागका व्यापारी तथा उद्योग व्यवसायीहरूको प्रतिनिधित्व गर्ने हेतुले व्यापारी वर्ग एवं उद्योग व्यवसायीहरूलाई बोर्डको कार्य क्षेत्र सम्बन्धी र बोर्डको कार्य सूचीमा समावेश गरिएका माथि लेखिएका विषयहरू बारे सुझावहरू पठाउन बोर्डले विशेष अनुरोध गर्दछ सुझावहरू पठाउंदा खाम बाहिर "टयारिफ सम्बन्धी सुझाव" लेखि सदस्य सचिव, टयारिफ बोर्ड, अर्थ मन्त्रालय (आय शाखा) को ठेगानामा पठाउनु होला।

कुनै व्यक्तिले बोर्डको बैठकमा उपस्थित भै आफ्नो विचार राख्न चाहेमा सदस्य सचिव संग सम्पर्क राख्ने अनुरोध गरिन्छ।

आज्ञाले—
(रामचन्द्र मलहोत्रा)
श्री ५ को सरकारका नायब सचिव
सदस्य-सेक्रेटरी,
अर्थ मन्त्रालय (टयारिफ बोर्ड)

---

गोरखापत्र छापाखानामा मुद्रित।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।